निर्वाचन आयोग, नेपाल

# प्रदेश निर्वाचन कार्यालय

लुम्बिनी प्रदेश, दाङ

प.सं. च.नं./Ref:- २०८३/०८४/ ९६

मितिः २०८३।०६।०२
ने.सं. ११४६ यंलाथ्व ७ शुक्रबार

श्री स्थानीय तह सबै,दाङ ।

विषय :- आवश्यक सहयोग तथा समन्वय सम्बन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको मतदाता नामावली अद्यावधिक कार्यविधि, ~~२०८१ बमोजिम~~, सम्बत् २०८३ असोज २ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम सञ्चालन गरी असोज महिनाको ३० गतेसम्ममा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने गरी मतदाता नामावली अद्यावधिकको लागि २०८३ भाद्र १५ गतेसम्म दर्ता भएका विवरणहरु निर्वाचन आयोगको वेवसाइट election.gov.np मा मिति २०८३ असोज १ गते प्रकाशन भएकोले अद्यावधिक प्रयोजनको लागि अन्तिम मतदाता नामावली प्रकाशन गर्न मतदाताको उमेर १८ बर्ष पुग्ने निर्दिष्ट मिति २०८३ भाद्र १५ गतेलाई निर्धारण भएको छ । उक्त मितिसम्म अठार बर्ष उमेर पुग्ने मतदाताको विवरणलाई मिति २०८३ असोज २ गतेदेखि अद्यावधिक प्रक्रियामा लैजाने कार्यक्रम भएकोले यसै पत्रसाथ संलग्न रहेको मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०८३ सम्बन्धी सूचना (अनुसूची-१) तहाँ पालिका अन्तर्गतका सम्पूर्ण वडाहरुमा टाँस गरी सोही सूचनामा उल्लेख भएबमोजिमका क्रियाकलापहरु सम्पन्न गर्नको लागि आवश्यक सहयोग तथा समन्वय गरिदिनुहुन अनुरोध छ । साथै अद्यावधिकका क्रममा त्रुटी सच्याउन, दाहोरो नाम भए हटाउन र मृत्यु भएको भए विवरण हटाउन आयोगको वेवसाइट election.gov.np मार्फत अनलाइन वेवसाइट (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालयमा निवेदन दिन सकिने व्यवस्था रहेको व्यहोरा अनुरोध गरिन्छ । साथै मृत्यु भएकाको विवरण सम्बन्धित वडा कार्यालयले यसै पत्रसाथ संलग्न ढाँचामा तयार पारी प्रमाणित गरी यस कार्यालयको इमेल ठेगाना deo.dang@election.gov.np मा पठाउनुहुन समेत अनुरोध छ ।

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. २१६०
मिति ०८३।६।२

..............................
(गेहेन्द्र कँवर)
नि. प्रदेश निर्वाचन अधिकारी

फोन/फ्याक्स नं.०८२-५६०८२०, Email: deo.dang@election.gov.np, Google Plus code: 2FPM+7M8

"निर्वाचनको सफलता, निर्वाचन शिक्षाको व्यापकता"

निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
लुम्बिनी प्रदेश, दाङ

अनुसूची-१

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, दाङ

**मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना**

मतदाता नामावली अद्यावधिक कार्य २०८३ साल असोज महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क.सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | असोज १ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | असोज २ | असोज १२ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | असोज २ | असोज १२ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | असोज १३ | असोज १६ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | | असोज १९ | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | असोज २० | असोज २६ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | असोज ३० | | निर्वाचन आयोग |

नि..प्रदेश निर्वाचन अधिकारी

निर्वाचन आयोग

**प्रदेश निर्वाचन कार्यालय,लुम्बिनी प्रदेश दाङ**

**मृत्यु दर्ता भएका व्यक्तिहरुको समष्टिगत विवरण**

गापा/नपाको नामः वडा नं.

| सि.नं. | मतदाताको नाम | मतदाता नंम्बर | ना.प्र.प.नं. | जन्म मिति | स्थायी ठेगाना | बाबुको नाम | आमाको नाम | बाजेको नाम | मृत्यु दर्ता मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेको दस्तखत प्रमाणित गर्नेको दस्तखत